**मिति: २०८०।२।२१ गते, समय: विहान ८ वजे, बैठक संख्या: २८**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २**: नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० स्विकृत सम्बन्धमा ।

**निर्णय:** अमरगढी नगरपालिकाको विधायन समितिबाट पेश भएको अमरगढी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८० स्विकृत गर्ने ।

**प्रस्ताव नं. ३**: सडक बोर्ड नेपालबाट प्राप्त थप बजेटको योजना छनौट ।

**निर्णय:** सडक बोर्ड नेपालको च. नं. १९८३, मिति २०८०।२।१० गतेको पत्र मार्फत रु ६१ लाख २० हजार थप बजेट प्राप्त भएकाले उक्त बजेट २०८० आषाढ मसान्त भित्र कार्यसम्पन्न गर्नु पर्ने भएको हुंदा देहायका योजनाहरु छनौट गरि उपभोक्ता समिति मार्फत कार्यान्वयनका गर्ने गरि कार्यक्रम स्विकृतिलागि सडक बोर्ड नेपालमा पठाउने ।

**तपशिल**

क. पानिडिल्ला सांडागुड सडक वडा नं . १० र ११ रु २५ लाख
ख. खोडिखेल्ला चोरा अजयमेरु सडक वडा नं. ४ रु २५ लाख
ग. वालमन्दिर सडक वडा नं. ५ रु २० लाख
घ. भजनपुर दुमडा छचौडा सडक वडा नं. ६ रु १७ लाख

**प्रस्ताव नं. ४**: नगर सभा आह्वान सम्बन्धमा ।

**निर्णय:** आगामि आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम स्विकृतका लगि बजेट पेश गर्ने मिति २०८०।३।६ गते दिनको ११ बजे नगर सभाको आह्वान गर्ने । उक्त बजेट तथा कार्यक्रम तर्जुमा गर्न वडा तथा विषयगत समितिले संम्पुर्ण कार्यहरु कार्यतालिका अनुरुप सम्पन्न गर्नु पर्ने भएकाले पदाधिकारी तथा कर्मचारीहरुले अत्यावस्यक काममा बाहेक कार्यालय नछाडने ।

**प्रस्ताव नं. ५**: विज्ञापन करको ठेक्का सम्झौता रद्ध गर्ने सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिका क्षेत्र भित्रमा विज्ञापन कर उठाउन आव २०७६।०७८ देखि २०८०।८१ सम्मका लागि श्री जय जनता इन्टरनेशनल प्रा.लि. अनामनगर काठमाण्डौंसंग वार्षिक रु ५० हजारका दरले राजश्व लिने गरि सम्झौता भएकोमा उक्त प्रालि संग व्यापक गुनोसो समेत भएको श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत विज्ञापन करका सम्बन्धमा निर्देशन गरेकाले उक्त प्रालिसंगको सम्झौता रद्ध गरि पुन सार्वजनिक सूचना आह्वान गर्ने ।